बैठक संख्याः १४

श्री

आज मिति २०७९ साल चैत्र २० गते विहान ७:३० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी देवी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | कृष्ण बहादुर चालिसे क्षेत्री | |
| २९. | | पिताम्बर सापकोटा | [illegible] |
| ३०. | | | |

प्रस्तावहरु

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
२. ट्रमा सेन्टर निर्माण सम्बन्धमा ।
३. जग्गाको वर्गीकरण सम्बन्धमा ।
४. विद्यालय शिक्षा सुधार अभियान लगायत शैक्षिक विषयहरु
५. विविध ।
(क) पाठ्यपुस्तकको रकम भुक्तानी सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १:

- बर्दघाट नगरपालिका नगर कार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो।

निर्णय नं. २

- संघीय सरकार, सघन शहरी तथा भवन निर्माण आयोजना चितवनको च.नं २१६ मिति २०७९/०५/०९ को पत्रानुसार चालु आ.व २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५० वेडको ट्रमा सेन्टर निर्माण कार्यको लागि रु ४ करोड बजेट विनियोजन भई ट्रमा सेन्टर स्थापना गर्नको लागि स्थान एकिन गरिदिनु हुन भन्ने वेहोराको पत्र प्राप्त भएको साथै प्रस्तावित ट्रमा सेन्टर निर्माणका लागि सबैलाई पायक पर्ने तथा राजमार्ग आसपासको क्षेत्रमा यस नगरपालिकाको स्वामित्वमा रहेको साविक पञ्चनगर गा.वि.स. हाल बर्दघाट नगरपालिका वडा नं ९ अन्तर्गत देहायवमोजिमको जग्गामा ट्रमा सेन्टर निर्माण गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सघन शहरी तथा भवन निर्माण आयोजना चितवनलाई सिफारिस गर्ने ।

तपशिल

| जिल्ला | नगरपालिका | वडा नं | कि.नं | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| नवलपरासी | साविक पञ्चनगर गा.वि.स. हाल बर्दघाट नगरपालिका वडा नं ९ | २/ख | १८८ | १-१०-०-० | |

निर्णय नं. ३

- भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा श्री कन्सल्टीङ्ग सर्भिसेस फर सोसल एण्ड इन्फ्रास्टक्चरल डेभलपमेण्ट (CSSID), काठमाण्डौले तयार गरि पेश गरेको ड्राफ्ट प्रतिवेदन उपर भू-उपयोग परिषदमा दफावार छलफल भई अन्तिम प्रतिवेदन पेश हुन आएकोले देहायवमोजिम स्वीकृत गर्ने ।
- यस वर्दघाट नगरपालिका भित्र कृषि क्षेत्रमा राखेका र वडास्तरीय छलफल बाट तत्काल आवासिय रुपमा प्रयोग नहुने खालका कृषि सडकहरु आवासिय मापदण्ड मा समाबेस नगर्ने ।

- नापी विभागले उपलब्ध गराएको कित्ता नापी नक्शामा कतिपय कित्ता नम्बरहरु नबुझिने (जस्तै ० अथवा ९९९९९ वा क्रममा नमिल्दो) देखिन्छ । तिनिहरुलाई पनि हाल मापदण्ड अनुसारनै भू-उपयोग क्षेत्र वर्गीकरण गरिने छ । त्यस्ता कित्ताहरुको हकमा कुनैपनि जग्गाधनीले स-प्रमाण पेश गरेमा सम्वन्धित वडाले अद्यावधिक गरि सिफारिस गर्नुपर्नेछ र सोही समयमा त्यस्ता कित्ताहरुको परिमार्जन/अध्यावधिक समेत गर्ने ।
- कित्ता नापी नक्शा तथा फाइल नक्शा अध्यावधिक नभएका स्थानमा हालको क्षेत्र वर्गिकरण अनुसार जुन कित्ता भिडान हुन्छ सोही अनुसार कित्ता वर्गिकरणमा अध्यावधिक गर्ने ।
- भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ बमोजिम यस वर्दघाट नगरपालिकाबाट तयार पारिएको भू-उपयोग क्षेत्र वर्गिकरणका आधार तथा मापदण्डको आधारमा तयार गरिएको भू-उपयोग क्षेत्र वर्गीकरण स्वीकृत गर्ने।
- भू-उपायोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ बमोजिम तयार गरिएको यस नगरपालिकाको स्वीकृत भू-उपयोग क्षेत्र वर्गीकरणको तथ्याङ्क भू-उपयोग नियमावली, २०७९ को नियम ५ को उपनियम (५) बमोजिम संघीय भू-उपयोग परिषद्, प्रदेश भू-उपयोग परिषद्, नापी विभाग, नापी कार्यालय र भूमिसुधार तथा मालपोत कार्यालय मा पठाउने।
- भू-उपयोग क्षेत्र वर्गीकरणका क्रममा केहि वडाका नक्सा मिलेको नदेखिएकोले नक्सामा एकरुपता कायम गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने ।
- सो कार्यको अन्तिम प्रतिवेदन पेश भएपश्चात सम्झौतामा उल्लेख भएवमोजिमको रकम रु १८ लाख सम्बन्धित परामर्शदातालाई भुक्तानी दिने ।

**निर्णय नं. ४**

- मिति २०८० साल बैशाख १ गतेबाट विद्यालय शिक्षा सुधार अभियान घोषणा गर्ने र सो को लागि शिक्षा युवा तथा खेलकुद शाखाबाट सम्बन्धित विषयगत समिति, शिक्षा समिति, प्रधानाध्यापक, शिक्षा क्षेत्रका विज्ञहरु लगायतका सरोकारवालाहरुसँगको छलफलबाट अवधारणापत्र तयार पारी मिति २०७९/१२/२९ गते सम्म कार्यालयमा पेश गर्ने ।

**निर्णय नं. ५ विविध**

- मिति २०८० साल बैशाख १ गतेबाट सुरुहुन गईरहेको शैक्षिक वर्षमा विद्यार्थिहरुलाइ वितरण गरिने पाठ्यपुस्तकहरु खरिद गर्ने र सो पाठ्यपुस्तक खरिद गर्दा लाग्ने रकम आर्थिक वर्ष २०८०/०८१ को वार्षिक वजेटबाट भुक्तानी दिने ।

- बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालयका जनप्रतिनिधिहरु नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष कार्यपालिकाका सदस्य, वडा सदस्य र कार्यालयका कर्मचारीहरु उपर कार्यालयसँग सम्बन्धित विषयमा परेका उजुरीहरुका सम्बन्धमा प्रतिउत्तर लगायत सो सरहका निवेदनपत्र दर्ता गर्न आवश्यक्तानुसार मुद्धा दर्ता गरी मुद्धाको प्रतिरक्षा गर्न यस नगरपालिकाका प्रवक्ता एवम वडा नं १४ का वडा अध्यक्ष श्री सन्तबहादुर गाहालाई अख्तियारी प्रदान गर्ने ।